"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"
# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
☎ ०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या :
चलानी नं. :
मिति :

## हार्दिक अपिल

छिमेकी राष्ट्र चिनबाट सुरु भएको कोरोना भाइरस (कोभिड-१९)को संक्रमणले हाल विश्व नै त्रशित रहेको छ । यस विषम परिस्थितिको समाना गर्दै नियन्त्रणको लागि सम्पूर्ण राष्ट्र एक जुट भई विभिन्न क्रियाकलाप तथा कार्यक्रम गर्दै आईरहेको तथ्य विदितै छ । २०७६/१२/१० गते देखि लागु हुने गरी नेपाल सरकार तथा नमोबुद्ध नगरपालिकाले लकडाउन सुरु गर्दा कोरोना भाइरस (कोभिड-१९)को संक्रमण संख्या १ जना मा मात्र सिमित थियो तर हाल सो संख्या बढेर ९ जना पुगिसकेको सर्वविविदै छ । नेपालमा पनि यसको संक्रमण देखिएको र सोको नियन्त्रण तथा रोकथामको लागि तिनै तहका सरकारहरु क्रियाशील भई विविध क्रियाकलाप तथा कार्यक्रमहरु गरिरहेका छन् । यस परिस्थितिलाई मध्यनजर गर्दै नेपाल सरकार, प्रदेश सरकार लगायतका निकायबाट भएको निर्देशन तथा निर्णयको पालना गर्दै कोरोना भाइरस (कोभिड-१९) को रोकथाम र नियन्त्रणको लागि आफुसँग भएको सम्पूर्ण श्रोत र साधनको अधिकतम प्रयोग गरी यस नमोबुद्ध नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारी क्रियाशील रही विविध कियाकलापहरु गरिदै आईरहेको छ । यसको संक्रमण नमोबुद्ध नगरपालिका भित्रन नदिन नगरपालिकाले अपनाउनु पर्ने सम्पूर्ण सावधानी अपनाईरहेको छ । यसै सन्दर्भमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को मिति २०७६/१२/२४ गतेको बैठकको निर्णयानुसार लकडाउनको अवधि पुन २०७७/०१/०३ गते सम्म थप गरेको छ। साथै सम्माननीय प्रधानमन्त्री ज्यूबाट मिति २०७६/१२/२५ गते भएको देशवासीका नाममा सम्बोधनमा समेत हाल यो संक्रमणको रोकथाम तथा नियन्त्रणको उपयुक्त विधि भनेको लकडाउन नै हो। सोही अनुसार नमोबुद्ध नगरपालिका लकडाउनको पूर्ण पालना गुर्न सम्पुर्ण नगरबासीहरुमा हार्दिक अनुरोध गर्दछ, साथै हामी सम्पूर्ण नागरिकहरुले सरकार तथा नमोबुद्ध नगरपालिकाले गरेका निर्णयहरुलाई कार्यान्वयन गर्नु गराउनु सम्पूर्ण नागरिक र नगरवासीहरु जिम्मेवारी, दाहित्व र कर्तव्य नै हो। अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्कन, विभिन्न देशबाट आउनु भएको नागरिकले नेपाल सरकारको तोकेको मापदण्ड वा स्थानमा नियमानुसार क्वारेन्टाईनमा बस्न, कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट सचेत भई आफ्नो स्वास्थ्य प्रति चनाखो रहन, नियमित सरसफाईमा ध्यान दिन, धेरै भिडभाड जमघट हुने कार्यक्रम तथा क्रियाकलाप नगर्न र सहभागी नहुन, कोरोना भाइरस (कोभिड-१९) संक्रमणसँग मिल्दो लक्षण देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा परिक्षण गराउनु हुन नमोबुद्ध नगरपालिका सम्पूर्ण नगरवासी तथा सरोकारवालाहरुमा हार्दिक अपिल गर्दछ । नमोबुद्ध नगरपालिकाले दीर्घ रोगी, नियमित औषधी सेवन गर्ने व्यक्ति तथा कृषकहरुको मल, विउ लगायतका सामाग्रीको उचित व्यवस्थापनको लागि निरन्तर सहकार्य तथा सहजीकरण गरी रहेको छ र गरिरहने छ । कोरोना भाइरस (कोभिड-१९) संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि दिनरात खटिरहनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, नेपाली सेना, नेपाल प्रहरी, जनप्रतिनिधि, कर्मचारी, विभिन्न क्रियाशील

"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

NAMOBUDDHA MUNICIPALITY

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या :

चलानी नं. :

मिति :

राजनितिक दल, शिक्षाकर्मी, नागरिक समाज, उद्योग, व्यवसायी, संचारकर्मी लगायत सम्पूर्ण सरोकारवाला निकाय प्रति नमोबुद्ध नगरपालिका हार्दिक कृतज्ञता ज्ञापन गर्दछ साथै निरन्तर सहयोगको अपेक्षा व्यक्त गर्दछ । नेपाल सरकार लगायतका निकायको निर्देशन र निर्णय कार्यान्वयन गरी लकडाउनलाई पूर्ण रुपमा लागु गरी आफु पनि बचौं अरुलाई पनि वचाऔं ।

नगरवासीहरुको स्वस्थ रुपमा बाँच्न पाउने हकको सुनिश्चित गर्न नमोबुद्ध नगरपालिका हरदम तयार छ र गरिरहने छ केहि गुनासो र सहयोग आवश्यक भएमा नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको कार्यालय वा नजिकको वडा कार्यालयमा सम्पर्क गर्नुहोला । नमोबुद्ध नगरपालिका पुनः सम्पूर्ण इच्छुक संघ, संस्था, निकाय, समाजसेवी, बुद्धिजीवी, व्यक्तिहरुले स्वैछिक रुपमा नगरपालिकाले स्थापना गरेको फुड बैंकमा खाद्यान्न सामाग्री वा नगरपालिकाको प्रकोप व्यवस्थापन विशेष कोषको **खाता नं. १५४०३०५०४९४०२** मा नगद जम्मा गरि नेपाल सरकारबाट निर्देशित एकद्वार प्रणालीलाई अवलम्बन गरी नगरपालिका मार्फत पवित्र मनले सहयोग गरीदिनु हुन हार्दिक अपिल गर्दछौ ।

कोरोना भाइरस (कोभिड-१९) को रोकथाम र नियन्त्रण हामी सबैको जिम्मेवारी यस संक्रमणबाट आफु पनि बचौं अरुलाई नि बचाऔं । धन्यवाद ।

..............................

(टंक प्रसाद शर्मा)
नगर प्रमुख